"धनकुटा नगर: स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, धनकुटा

१ नं. प्रदेश, नेपाल

प.सं. २०७८/७९
च.नं. 2312

मितिः २०७९/०२/२४

विषयः- सूचना टाँस गरिदिने सम्बन्धमा ।

श्री वडा कार्यालय (१ देखि १०) सबै
धनकुटा नगरपालिका, धनकुटा ।

उपरोक्त सम्बन्धमा धनकुटा नगर कार्यपालिकाको कार्यालय (कृषि सेवा केन्द्र), धनकुटाको आ.व. २०७८/७९ को सशर्त अनुदान तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार तेस्रो चौमासिकमा **निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा एभोकाडो प्रशोधन केन्द्र स्थापना कार्यक्रम** सञ्चालनको लागि प्रथम पटक प्रकाशित सूचना र आवेदन फारमहरु थान ४ यसै पत्रसाथ संलग्न राखी पठाईएको छ। ताहाँ कार्यालयको सूचनापाटीमा टाँस गरी सोको जानकारी पठाई दिनु हुन अनुरोध छ ।

..................................
राम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

"धनकुटा नगरः स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, धनकुटा

१ नं. प्रदेश, नेपाल

प.सं. २०७८/७९

मितिः २०७९/०२/२४

च.नं.

**विषयः- एभोकाडो प्रशोधन केन्द्र स्थापनाको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७८/७९ को सशर्त अनुदान तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार तेस्रो चौमासिकमा निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा एभोकाडो प्रशोधन केन्द्र स्थापना कार्यक्रम ५०% लागत साझेदारीमा सञ्चालन गर्न रु. १० लाख वजेट प्राप्त भएकोले उक्त रकमको ५०% साझेदारी सहित कार्य गर्न इच्छुक निजी फर्म/सहकारी संस्था/कम्पनीले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात् मिति २०७९/०२/३० गतेभित्र धनकुटा नगर कार्यपालिकाको कार्यालय (कृषि सेवा केन्द्र), धनकुटामा तोकिएको ढाँचा अनुसारको आवेदन दर्ता गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका आवेदन छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ । यस विषयमा थप जानकारीका लागि ९८४२११६२५४, ९८४९३०४१०९, ९८५२०६१८८८ मा सम्पर्क राख्न हुन अनुरोध छ । साथै आवेदन फारम कार्यालयको वेबसाइट www.dhankutamun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।

<u>संचालन हुने कार्यक्रमः</u>

| क्र. सं. | सञ्चालन हुने कार्यक्रमको विवरण | इकाई | वार्षिक लक्ष्य | | प्रशोधन हुने फलफूलको नाम | प्रशोधन केन्द्र स्थापनाको लागि चाहिने जग्गाको क्षेत्रफल (कम्तीमा) | प्रशोधन केन्द्र सञ्चालन हुने स्थान |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | प्रति इकाई रकम रु. (लाखमा) | | | |
| १. | निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा एभोकाडो केन्द्र स्थापना कार्यक्रम। | संख्या | १ | १० | एभोकाडो | ३ रोपनी) | धनकुटा नगरपालिका क्षेत्रभित्र |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः</u>

१. अनुसूची २ बमोजिमको अनुदानका लागि आवेदन र अनुसूची ४ बमोजिमको कार्ययोजना प्रस्ताव फाराम ।
२. सम्बन्धित निकायमा निजी फर्म/सहकारी संस्था/कम्पनी दर्ता तथा नवीकरण प्रमाण पत्रको प्रतिलिपि ।
३. निजी फर्म/सहकारी संस्था/कम्पनीको स्थायी लेखा नं .को प्रतिलिपि।
४. निजी फर्म/सहकारी संस्था/कम्पनीको गत आ.व.को लेखापरीक्षण प्रतिवेदन र करचुक्त प्रमाण पत्रको प्रतिलिपि।
५. एभोकाडो प्रशोधन केन्द्र स्थापना हुने स्थानको जग्गाको स्वामित्व खुल्ने जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि वा यदि भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौता पत्र र जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि।
६. नेपाली नागरिकताको प्रतिलिपि।
७. संलग्न हुने प्राविधिकको व्यक्तिगत विवरण।
८. प्रशोधन केन्द्रको पूर्वाधार (मेशिनरी औजार, भवन सहित) को डिजाइन तथा लागत अनुमान ।
९. निजी फर्म/ सहकारी संस्था/कम्पनीमा हाल रहेको नगद मौज्दातको प्रमाण र लगानीको स्रोतको आधार ।
१०. सडक, विजुली र पानीको स्रोतको आधिकारिक प्रमाण (पुष्टि हुने कागजात)
११. उत्पादन कार्ययोजनाको विवरण।
१२. सम्बन्धित काम गरेको आधिकारिक तथा अनुभवको प्रमाण पत्र (उपलब्ध भएमा) ।
१३. एभोकाडो प्रशोधन कार्यको लागि आवश्यक पर्ने फलफूल सङ्कलन हुने वा गर्ने योजना र सो को सम्भावना सम्बन्धी विवरण।

.............................

रामबहादुर थापा

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

(अनुसूची २ सँग सम्बन्धित)

## निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा एभोकाडो प्रशोधन केन्द्र स्थापनाको अनुदानका लागि आवेदन फाराम

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटा ।

मेरो/हाम्रो निजी फर्म/कृषि सहकारी संस्था/कम्पनी श्री..............................................को धनकुटा जिल्ला, धनकुटा नगरपालिका वडा नं........मा एभोकाडो प्रशोधन केन्द्र स्थापना गर्ने इच्छा भएकोले सोका लागि लागत अनुमान रु............................मध्ये रु...........................मैले/हाम्रो संस्थाबाट व्यहोरी बाँकी रु.........................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु राखि निवेदन पेश गरेको छु/गरेका छौं ।

<u>संलग्न कागजातहरु:</u>

१. सम्बन्धित निकायमा निजी फर्म/सहकारी संस्था/कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि थान ।
२. निजी फर्म/सहकारी संस्था/कम्पनीको स्थायी लेखा नं. को प्रतिलिपि थान ।
३. निजी फर्म/सहकारी संस्था/कम्पनीको गत आ.व. को लेखापरीक्षण प्रतिवेदन र करचुक्त प्रमाण पत्रको प्रतिलिपि थान ।
४. एभोकाडो प्रशोधन केन्द्र स्थापना हुने स्थानको जग्गाको स्वामित्व खुल्ने जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि वा भाडाको भएमा कम्तीमा १० वर्षको सम्झौता पत्र र जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि थान ।
५. नेपाली नागरिकताको प्रतिलिपि थान ।
६. संलग्न हुने प्राविधिकको व्यक्तिगत विवरण थान ।
७. प्रशोधन केन्द्रको पूर्वाधार मेशिनरी औजार, भवन सहित को डिजाइन तथा लागत इष्टिमेट थान ।
८. निजी फर्म/सहकारी संस्था/कम्पनीमा हाल रहेको नगद मौज्दातको प्रमाण र लगानीको स्रोतको आधार थान ।
९. सडक, बिजुली र पानीको आधिकारिक प्रमाण (पुष्टि हुने कागज) थान ।
१०. उत्पादन कार्ययोजनाको विवरण थान ।
११. सेवा पुर्याउने व्यावसायिक क्षेत्रहरु थान ।
१२. सम्बन्धित काम गरेको आधिकारिक तथा अनुभवको प्रमाण पत्र (उपलब्ध भएमा) थान ।
१३. एभोकाडो प्रशोधन कार्यको लागि आवश्यक पर्ने फलफूल सङ्कलन हुने वा गर्ने योजना र सो को सम्भावना सम्बन्धी विवरण थान ।
१४. उत्पादित वा प्रशोधित उत्पादन स्वदेश/विदेशमा कसरी बिक्री वितरण गर्ने वा हुने सो को खाका र सो सम्बन्धी आधार थान ।

<u>निवेदक</u>

दस्तखत:
नाम:
श्री.........................................................
निजी फर्म/सहकारी संस्था/कम्पनी, ध.न.पा.
मिति:

छाप:

(अनुसूची ४ सँग सम्बन्धित)

## कार्ययोजना प्रस्ताव

प्रमुख प्रशासकीय अधिकृत

१. निजी फर्म /सहकारी संस्था/कम्पनीको नाम, ठेगाना:

२. कार्यक्रम सञ्चालन स्थान र क्षेत्रफल:

३. प्रशोधनको लागि प्रयोग हुने फलफूलको नाम:

४. फलफूल प्रशोधन सम्बन्धी संस्थाको अनुभव:

५. पूर्वाधार निर्माण/सञ्चालन र फलफूल प्रशोधनको विवरण:

| क.सं. | पूर्वाधार निर्माण, सञ्चालन, प्रशोधन र परिकारको विवरण | इकाई | परिमाण | अनुमानित लागत रु. | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | ध.न.पा.ले व्यहोर्ने रकम रु. | निजी फर्म /सहकारी संस्था/कम्पनी ले व्यहोर्ने रु. | जम्मा रु. | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

६. संलग्न हुने जनशक्तिको विवरण:

| क.सं. | विवरण | संख्या | योग्यता | खर्च हुने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा

७. बार्षिक प्रशोधित परिकार उत्पादन अनुमानः

| क.सं. | प्रशोधन गर्ने परिकारको नाम | इकाई | परिमाण | अनुमानित बिक्रि दर रु. | अनुमानित बिक्रि दर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नवीन सोच केही भए उल्लेख गर्नेः

**प्रस्तावकको**

नाम थरः

संस्थाको छापः

ठेगानाः

दस्तखतः

मितिः

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

प्रमुख प्रशासकीय अधिकृत

# प्रतिबद्धता पत्र

……………………………………..,धनकुटाको मिति २०७    /    /    को सूचना अनुसार **निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा एभोकाडो प्रशोधन केन्द्र स्थापना** गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौ ।उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा १५ बर्ष सम्म निरन्तरता दिनेछु/छौं । अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सञ्चालित क्रियाकलापबाट वातावरणलाई असर नपुर्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं । इति सम्बत् २०७    /    /    गते रोज……..शुभम् ।

नाम थरः

संस्थाको नामः

ठेगानाः

दस्तखतः

मितिः

औंठाको छापः

| | |
|---|---|
| | |

संस्थाको छापः